लुम्बिनी प्रदेशसरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिबिजन कार्यालय

नेपालगंज, बाँके

☎०८१-५५०२८१
website :sddobanke.lumbini.gov.np
Email : sddobanke@gmail.com

प.सं.:- २०८१/०८२
च.नं. :-

## विद्यालय स्वास्थ्यकर्मी पदका लागि दरखास्त दिने सम्बन्धी सूचना।

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/१२/२२ गते)**

प्रस्तुत विषयमा शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी), नेपालको च.न. ३९३, मिति २०८१/१२/१४ गतेको प्राप्त पत्रानुसार बाँके जिल्लाको लागि तपसिलका विद्यालयहरुमा विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत १२ ओटा कोटा निर्धारण भै आएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएका कागजात सहित दरखास्त पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त हुन नआएका आवेदन उपर कुनै कारवाही गरिने छैन । साथै आवेदन फारम यस कार्यालयको वेबसाइटमा उपलब्ध भएको व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क्र.स. | विज्ञापन नम्बर | पद | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | विद्यालय स्वास्थ्यकर्मी | १२ (बाह्र) | |

विद्यालय स्वास्थ्यकर्मी पद र विद्यालयको विवरण

| क्र.स. | पद | विद्यालयको नाम र ठेगाना | कोटा संख्या |
|---|---|---|---|
| १ | विद्यालय स्वास्थ्यकर्मी | धम्बोझि माध्यमिक विद्यालय नेपालगंज-१, बाँके | १ |
| | | त्रिभुवन माध्यमिक विद्यालय कोहलपुर-१०, बाँके | १ |
| | | ज्ञानोदय नमूना माध्यमिक विद्यालय खजुरा-३, बाँके | १ |
| | | प्रभात माध्यमिक विद्यालय बैजनाथ-५, बाँके | १ |
| | | कृष्ण माध्यमिक विद्यालय कोहलपुर-१, बाँके | १ |
| | | जनता माध्यमिक विद्यालय खजुरा-३ बाँके | १ |
| | | भानु माध्यमिक विद्यालय खजुरा-६, बाँके | १ |
| | | आदर्श माध्यमिक विद्यालय नेपालगंज-२०, बाँके | १ |
| | | जनसेवा माध्यमिक विद्यालय खजुरा-६, बाँके | १ |
| | | सगरमाथा ज्ञानपुञ्ज माध्यमिक विद्यालय कोहलपुर-४, बाँके | १ |
| | | जनता माध्यमिक विद्यालय डुडुवा-१, बाँके | १ |
| | | जय जनता माध्यमिक विद्यालय नेपालगंज-२०, बाँके | १ |

लुम्बिनी प्रदेशसरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज, बाँके

☎०८१-५५०२८१
website :sddobanke.lumbini.gov.np
Email : sddobanke@gmail.com

प.सं.:- २०८१/०८२
च.नं. :-

**दरखास्त दिने स्थान:** सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके ।

**दरखास्त दिने अन्तिम मिति:** २०८२/०१/०५ गते सम्म ।

दरखास्त फारम यसै कार्यालयको वेबसाइट https://sddobanke.lumbini.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**दरखास्त दस्तुर:** नि:शुल्क

**न्यूनतम योग्यता:** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ANM/CMA वा सो सरह उत्तीर्ण गरेको, दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको नेपाली नागरिक हुनुपर्ने छ ।

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजात:** नेपाली नागरिकताको प्रमाणपत्र, तोकिएको न्यूनतम शैक्षिक योग्यता, बसाईंसराईंको प्रमाणपत्र (बसाईंसराईं भएकाको हकमा मात्र) । रीत नपुगेको दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ ।

**परिक्षाको किसिम र आधार:** आवश्यक न्यूनतम शैक्षिक योग्यता वापत २०, अनुभव वापत ५, भौगोलिक क्षेत्रमा बसोबास वापत १० र अन्तर्वार्ता वापत १५ अंक हुनेछ । भौगोलिक क्षेत्रमा बसोबास वापतको अंकको गणना नागरिकतामा उल्लेखित ठेगानाको आधारमा गरिनेछ । नागरिकताको ठेगाना र हाल बसोबासको ठेगाना फरक भएमा सम्बन्धित स्थानिय तहबाट जारी भएको बसाईंसराईंको कागजातको आधारमा भौगोलिक क्षेत्रमा बसोबास वापतको अंकको गणना गरिनेछ ।

**सेवा सुविधा:** मासिक निर्वाह भत्ता: रु १७,०००/- र चाडपर्व खर्च वार्षिक रु ६,०००/-

**नामावली प्रकाशन:** अन्तर्वार्तामा सहाभागी हुने उम्मेद्वारहरुको नामावली, अन्तर्वार्ताको मिति, समय र स्थान अर्को सूचनामा तोकिनेछ ।

उद्धव प्रसाद श्रेष्ठ
निमित्त कार्यालय प्रमुख